जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०५३५५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ६७ पृष्ठः ४ | २०८३ असार १७ बुधबार (Wednesday 01 July 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## एक समाचार, तीन मुस्कान



सिरहा, १६ असार। सञ्चारमाध्यममार्फत सार्वजनिक भएको एक मार्मिक समाचारपछि सिरहाको गोलबजार नगरपालिका–९, डण्डाका ८ वर्षीय शेखर यादव र उनका दुई साना बहिनीको जीवनमा आशाको नयाँ किरण देखिएको छ।

हेल्पिङ हर्ट नेपालले आइतबार जनता माध्यमिक (प्राविधिक) विद्यालयमै पुगेर शेखर यादव, ५ वर्षीया सोनाक्षी यादव र ३ वर्षीया दिव्यांशी यादवलाई विद्यालय पोशाक, झोला, कापी–कलम, पानीको बोतल तथा साबुन, स्याम्पु लगायत सरसफाइका आवश्यक सामग्री हस्तान्तरण गरेको हो। संस्थाले उनीहरूको अध्ययनलाई निरन्तर सहयोग गर्ने प्रतिबद्धता समेत जनाएको छ।

संस्थाका महासचिव मेराज खानले सञ्चारमाध्यममा बालबालिकाको अवस्था सार्वजनिक भएपछि संस्था तत्काल सहयोगका लागि अघि बढेको बताए। उनका अनुसार, बालबालिकाको शिक्षामा आर्थिक अभावले कुनै अवरोध नआओस् भन्ने उद्देश्यले प्रारम्भिक शैक्षिक सामग्री उपलब्ध गराइएको हो। सहयोग पाएपछि शेखर यादवले खुसी व्यक्त गर्दै सहयोगी संस्था र सहयोगका लागि साथ दिने सबैप्रति आभार प्रकट गरे। उनले आगामी दिनमा पनि यस्तै साथ पाए राम्रोसँग

**–बाँकी तीन पेजमा**

## सिरहामा नगर प्रहरीलाई विपद् व्यवस्थापनसम्बन्धी तालिम

**मणिलाल विश्वकर्मा**

लहान, १६ असार। स्थानीय तहमा कार्यरत नगर प्रहरीलाई विपद् व्यवस्थापनका लागि क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सिरहास्थित सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टरले विपद् व्यवस्थापन स्वयंसेवक तालिम सुरु गरेको छ। तालिममा नगर प्रहरीहरुलाई जल उत्पन्न तथा आगलागीजस्ता विपद्का बेला तत्काल खोज तथा उद्धार, प्राथमिक उपचार, राहत व्यवस्थापन, आगलागी नियन्त्रणसम्बन्धी सैद्धान्तिक तथा प्रयोगात्मक अभ्यास गराइने गण प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाले जानकारी दिए। सिरहा नगरपालिका– १९ सन्हैठास्थित हेडक्वार्टरमा सोमबारदेखि संचालित तालिममा




सिरहामा कार्यरत २४ र गोलबजारअन्तर्गत सात गरी ३१ जना नगर प्रहरी सहभागी रहेको र आगामी २१ दिनसम्म चल्ने उनले बताए।

उनका अनुसार तालिमले नगर प्रहरीको विपद् प्रतिकार्य क्षमता अभिवृद्धि हुनुका साथै विपद्का समयमा छिटो, प्रभावकारी र समन्वयात्मक सेवा प्रवाहमा टेवा पुग्ने अपेक्षा गरिएको छ। सशस्त्र प्रहरी बल नेपाल र स्थानीय तहसँगको समन्वयमा संचालित तालिम अन्तर्गत जल उत्पन्न प्रकोपसम्बन्धी सैद्धान्तिक र प्रयोगात्मक अभ्यास अन्तर्गत अत्यधिक वर्षामा हुने डुबान नियन्त्रण, फसेकाहरुको उद्धार, पुनःस्थापना र वाटर बोटको अभ्यास हेडक्वार्टर परिसरमा रहेको पोखरीमा गरिने छ।

आगलागी सम्बन्धी विपद्

**–बाँकी तीन पेजमा**



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## मधेश प्रदेशमा थरीथरीका आवास योजना : प्राथमिकता दलीयनिकटता

**सुरेन्द्रकुमार कामती**

सिरहा, १६ असार। संघीय सरकारले हस्तान्तरण गरेका जनता आवास कार्यक्रमसँगै मधेश प्रदेश सरकारले पछिल्लो समय नेताका नामबाट नयाँनयाँ आवास कार्यक्रम अघि सारेको छ। मधेश प्रदेशले कांग्रेस नेता महेन्द्रनारायण निधिको नाम जोडेर 'महेन्द्रनारायण निधि विपन्न आवास योजना' र एमालेका नेता मदन भण्डारीको नाम जोडेर 'विपन्नसँग मदन भण्डारी विपन्न आवास कार्यक्रम' योजना अघि



बढाएको छ। त्यसैगरी, मुख्यमन्त्री सुरक्षित आवासका नाममा अर्को योजना छ।

कांग्रेसका रामसरोज यादव भौतिक पूर्वाधारमन्त्री भएपछि कांग्रेस नेता निधिको नामबाट आवास कार्यक्रम सुरु गरिएको थियो। त्यसपछि एमालेका सरोज यादव भौतिक पूर्वाधारमन्त्री भएपछि एमालेका नेता मदन भण्डारीको नामबाट आवास कार्यक्रम सुरु गरिएको हो।

यसरी नेताका नाममा सुरु गरिएका विपन्न आवास योजना आ–आफ्ना दलनजिकका व्यक्तिलाई आवास उपलब्ध गराउने माध्यम भएको छ। यी कार्यक्रममा प्रदेश सांसदले नै दलनिकटका कार्यकर्तालाई आवास उपलब्ध गराउने गरेका छन्। सिराहाको नरहा गाउँपालिका– १ देवीपुरका ज्ञानकुमार रामलाई विपन्नसँग मदन भण्डारी आवास कार्यक्रमअन्तर्गत आवास उपलब्ध गराएको छ। आव ०८१/८२ को बजेटअन्तर्गत आवास उपलब्ध गराइएको थियो। आवास वितरण गर्ने समितिको संयोजक थिइन्, जनता समाजवादी पार्टीकी प्रदेश सांसद संजिला यादव। जसपाका कार्यकर्ता ज्ञानकुमार सांसद यादवकै सिफारिसमा छानिएका थिए।

सोही कार्यक्रमअन्तर्गत छानिएका अर्का लाभग्राही हुन्, जनमत पार्टीका कार्यकर्ता औरही गाउँपालिका– ४ का दीपेन्द्रकुमार पासमान, औरही गाउँपालिका– ४ खजनपुरकी सीतादेवी यादवको घर महेन्द्रनारायण निधि विपन्न आवास

**–बाँकी तीन पेजमा**

## सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं, ट्राफिक नियम पालना गरौं,
- जोखिमपूर्ण सडकमा सवारी चलाउँदा विशेष ध्यान दिऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमितरुपमा मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी र अस्पतालमा सम्पर्क गरौं।
- सावधानी अपनाऔं, बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## उपभोक्ताको स्वास्थ्यमा खेलवाड अस्वीकार्य

सिरहाको लहानस्थित एक खानेपानी उद्योगबाट उत्पादन भएको सिलप्याक बोतलमा किरा भेटिएपछि सम्बन्धित कम्पनीलाई जरिवाना गरिनु सामान्य प्रशासनिक कारबाही मात्र होइन, उपभोक्ताको स्वास्थ्य र अधिकारसँग जोडिएको गम्भीर विषय हो। दैनिक उपभोग हुने वस्तु, विशेषगरी खानेपानीजस्तो अत्यावश्यक सामग्रीको गुणस्तरमा प्रश्न उठ्नुले नियामक निकाय, उत्पादक कम्पनी र बजार अनुगमन प्रणाली सबैमाथि चुनौती खडा गरेको छ। इलाका प्रशासन कार्यालयले कम्पनीलाई दुई लाख रुपैयाँ जरिवाना गर्नुका साथै सम्बन्धित ब्याचका सबै बोतल बजारबाट फिर्ता ल्याउन निर्देशन दिएको छ। उपभोक्ता संरक्षण ऐनअनुसार गरिएको यो कारबाहीले कानुन कार्यान्वयन भएको सन्देश दिएको छ। तर यतिमै सन्तुष्ट हुने अवस्था छैन। मुख्य प्रश्न भनेको यस्तो अवस्था किन सिर्जना भयो र भविष्यमा यसलाई कसरी रोक्ने भन्ने हो।

खानेपानी कुनै विलासिताको वस्तु होइन, यो प्रत्येक नागरिकको आधारभूत आवश्यकता हो। उपभोक्ताले बजारबाट सिलबन्दी गरिएको पानी खरिद गर्दा त्यसको शुद्धता र सुरक्षाप्रति पूर्ण विश्वास गरेका हुन्छन्। यदि त्यही उत्पादनभित्र किरा भेटिन्छ भने त्यो एउटा कम्पनीको मात्र कमजोरी नभई समग्र उत्पादन, परीक्षण र अनुगमन प्रणालीप्रतिको विश्वास कमजोर बनाउने घटना हो।

कम्पनीले आफूलाई नियोजित रूपमा बदनाम गर्न खोजिएको दाबी गरेको छ। आधुनिक उपकरण, कडा निगरानी र छिटो प्याकिङ प्रक्रियाका कारण उत्पादन क्रममा यस्तो त्रुटि हुन नसक्ने उसको भनाइ छ। यदि कम्पनीको दाबी सत्य हो भने त्यसको पनि निष्पक्ष र वैज्ञानिक अनुसन्धान हुनुपर्छ। दोष कसैको भए पनि सत्य तथ्य प्रमाणका आधारमा सार्वजनिक गरिनु आवश्यक छ। अनुमान र आरोपका आधारमा कुनै निष्कर्षमा पुग्नु उचित हुँदैन।

यस्ता घटनाले अर्को महत्वपूर्ण पक्ष पनि उजागर गर्छ—बजार अनुगमनको प्रभावकारिता। यदि नियमित निरीक्षण, गुणस्तर परीक्षण र उत्पादन प्रक्रियाको प्रभावकारी निगरानी भइरहने हो भने यस्ता समस्या उपभोक्तासम्म पुग्नुअघि नै नियन्त्रण गर्न सकिन्छ। त्यसैले नियामक निकायले अनुगमनलाई घटना–आधारित होइन, नियमित र वैज्ञानिक बनाउन आवश्यक छ।

उद्योगीहरूको पनि उत्तिकै ठूलो जिम्मेवारी हुन्छ। खाद्य तथा पेय पदार्थ उत्पादन गर्ने उद्योगहरूले कानुनी मापदण्ड पूरा गर्नु मात्र पर्याप्त हुँदैन, उपभोक्ताको विश्वास जोगाउन गुणस्तर नियन्त्रण प्रणालीलाई अझ मजबुत बनाउनुपर्छ। उत्पादनदेखि भण्डारण, ढुवानी र बिक्रीसम्म प्रत्येक चरणमा पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गरिनुपर्छ। कुनै त्रुटि देखिए त्यसलाई लुकाउने होइन, तत्काल स्वीकार गर्दै सुधारात्मक कदम चाल्नु नै जिम्मेवार व्यवसायको परिचय हो।

उपभोक्ताहरू पनि सचेत हुन आवश्यक छ। खरिद गरिएको वस्तुको म्याद, प्याकेजिङ, सिल र गुणस्तरमा ध्यान दिनुका साथै कुनै असामान्यता देखिए सम्बन्धित निकायमा तत्काल जानकारी गराउनु नागरिक दायित्व पनि हो। उपभोक्ताको सक्रिय सहभागिताले मात्र बजारलाई सुरक्षित र व्यवस्थित बनाउन सहयोग पुग्छ। यो घटना एउटा कम्पनीको सीमित विषय होइन। यसले सम्पूर्ण खाद्य तथा पेय पदार्थ उद्योगलाई आफ्नो गुणस्तर प्रणाली पुनः समीक्षा गर्ने अवसर दिएको छ। नियामक निकायले पनि जरिवानामै सीमित नभई आवश्यक परे उत्पादन प्रक्रिया, प्रयोगशाला परीक्षण र प्रमाणिकरण प्रणालीलाई अझ प्रभावकारी बनाउन पहल गर्नुपर्छ।

स्वस्थ समाज निर्माणका लागि सुरक्षित खाद्य पदार्थ अपरिहार्य सर्त हो। त्यसैले उपभोक्ताको स्वास्थ्यसँग कुनै पनि प्रकारको सम्झौता स्वीकार्य हुन सक्दैन। गुणस्तरमा लापरबाही गर्ने जोसुकैलाई कानुनअनुसार कडा कारबाही हुनुपर्छ भने झुटो आरोप लगाएर उद्योगलाई बदनाम गर्ने प्रवृत्ति पनि उस्तै निन्दनीय हो। निष्पक्ष अनुसन्धान, कडा नियमन र उच्च व्यवसायिक नैतिकतामार्फत मात्र उपभोक्ताको विश्वास जोगाउन सकिन्छ।

# वन तथा वन्यजन्तु संरक्षणका लागि बजेट अभाव चुनौती : मन्त्री चौधरी



जनकपुरधाम, १६ असार। मधेस प्रदेशका वन तथा वातावरणमन्त्री शंकर प्रसाद चौधरीले वन तथा वन्यजन्तुको संरक्षण तथा व्यवस्थापनका लागि संघ र प्रदेश सरकारको बजेट पर्याप्त नभएको बताएका छन्। डिभिजन वन कार्यालय धनुषाले चुरे नदी प्रणाली संरक्षण सरोकार समिति र नेपाल पत्रकार महासंघ धनुषाको समन्वयमा आयोजना गरेको वन तथा वन्यजन्तु व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री चौधरीले सीमित बजेटका बाबजुद संरक्षणका कार्यक्रम सञ्चालन भइरहेको बताए।

उनले प्रदेश सरकारबाट केही कमजोरी भएको स्वीकार गर्दै सरकारलाई खबरदारी गर्ने दायित्व सञ्चारमाध्यम र नागरिकको रहेको बताए। तथ्य र प्रमाणका आधारमा गरिने आलोचनालाई आफूले सकारात्मक रूपमा लिने उनको भनाइ थियो। प्रदेश वन निर्देशनालयका निर्देशक जगन्नाथ प्रसाद जयशवालले वन विनाशका कारण वन्यजन्तुको प्राकृतिक वासस्थान नष्ट हुँदा मानव–वन्यजन्तु द्वन्द्व बढ्दै गएको बताए। वन संरक्षण भए मात्र वन्यजन्तुको दीर्घकालीन संरक्षण सम्भव हुने बताए।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजेश कुमार कर्णले वन्यजन्तुको वासस्थानमा मानव बस्ती विस्तार र बढ्दो मानवीय गतिविधिका कारण वन्यजन्तु समस्यामा परेको उल्लेख गर्दै वन क्षेत्रलाई अतिक्रमणमुक्त बनाउनुपर्नेमा जोड दिए। कार्यक्रममा सोमप्रसाद शर्मा, चुरे नदी प्रणाली संरक्षण सरोकार समितिका कार्यवाहक अध्यक्ष अमरेन्द्र कुमार यादवलगायतले वन तथा वन्यजन्तु संरक्षणका विविध पक्षमा धारणा राखेका थिए।

कार्यक्रमका अध्यक्ष तथा डिभिजन वन कार्यालय धनुषाका प्रमुख विनोद सिंहले वन संरक्षणको विकल्प नरहेको उल्लेख गर्दै पछिल्ला वर्षमा वन क्षेत्र विस्तार हुनुका साथै बाघलगायत वन्यजन्तुको संख्या पनि बढ्दै गएको बताए।

# चियामा भारतीय अवरोध हट्यो, काँकडभिट्टाबाट जान थाले गाडी



काठमाडौँ, १६ असार। झन्डै २ महिनाको अवरोधपछि नेपाली चिया भारततर्फ निकासी हुन थालेको छ। नेपाल चिया उत्पादक संघका अध्यक्ष आदित्य पराजुलीले अहिले काँकडभिट्टा नाकाबाट चिया बोकेका गाडी पानीटंकीतर्फ पठाइएको जानकारी दिए।

चियामा रहेको अवरोध अहिलेलाई हटेको भन्न सकिने अध्यक्ष पराजुलीको भनाइ छ। उनले भने, ' भारतीय कस्टमबाट क्लियरेन्स भइसकेको छैन। तर प्रधानमन्त्री कार्यालयले सहजीकरण गर्छु भनेको छ। हिजोदेखि ३/४ वटा गाडी काँकडभिट्टाबाट भारततर्फ गएका छन्। पहिले भारतले सय प्रतिशत नमुना नै परीक्षण गर्ने भनेको थियो। अहिले भने त्यसलाई २० प्रतिशत र्‍यान्डम स्याम्पल परीक्षण गर्ने कुरा भएको छ।' अध्यक्ष पराजुलीले भारतीय कस्टमबाट यही अवस्थामा क्लियरेन्स भयो भने अवरोध हटेको भन्न सकिने बताए। तीन साताको अवरोधपछि यही ६ जेठमा खुकुलो बनाएको चिया निर्यातमाथि भारतले फेरि जेठ तेस्रो सातादेखि अवरोध सुरु गरेको थियो। भारतीय चिया बोर्ड ( टी बोर्ड अफ इन्डिया) ले आयातकर्ताको गोदाममै पुगेर चियाको नमुना संकलन गरी प्रयोगशाला परीक्षण गर्न थालेपछि व्यवसायीले निर्यात रोक्न थालेको चिया उद्यमीहरूको भनाइ छ।

भारतको खाद्य सुरक्षा तथा मापदण्ड प्राधिकरण ( एफएसएसएआई)ले जुन २३ मा जारी गरेको पत्रमार्फत चिया (एचएसएन कोड ०९०२) आयातमा जोखिममा आधारित परीक्षण प्रणाली लागू गर्दै २० प्रतिशत खेपमा 'र्‍यान्डम इन्टरसेप्सन' अर्थात् नमुना छनोट गरी परीक्षण गरिने व्यवस्था तत्काल कार्यान्वयनमा ल्याएको हो।

एफएसएसएआईले भारतका वाणिज्य सचिवको अध्यक्षतामा जुन १६ मा बसेको बैठकको निर्णयअनुसार घरेलु उपभोगका लागि आयात हुने चियामा प्रारम्भिक रूपमा २० प्रतिशतको दरमा परीक्षण गरिने उल्लेख छ। यो व्यवस्था भारतका सबै भन्सार प्रवेश बिन्दुमा लागू हुनेछ।

यसअघि नेपाली चिया भारत प्रवेशका क्रममा प्रयोगशाला परीक्षणको नाममा रोकिँदै आएको थियो। हाल करिब ३ लाख केजी तयारी चिया भारतीय गोदाममा थन्किएको छ भने १० लाख केजीभन्दा बढी चिया नेपालकै गोदाममा थन्किएको उद्योगीहरूको भनाइ छ। यही समस्याको विरोधमा इलामका उद्योगीले असार १ गतेदेखि र झापाका उद्योगीले असार ४ गतेदेखि उद्योग बन्द गरेका थिए। झापा, इलामसहित पूर्वका करिब ९९ चिया उद्योग बन्द हुँदा पचास बढी साना तथा ठूला चिया बगानमा कामसमेत ठप्प भएको थियो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले चिया क्षेत्रका विद्यमान समस्यालाई गम्भीरतापूर्वक सम्बोधन गर्दै यथाशीघ्र कूटनीतिक तथा प्रशासनिक पहल गर्ने आश्वासन दिएपछि भने उद्योगीहरू उद्योग पुनः सञ्चालन गर्न सहमत भएका हुन्।

# नागरिक सर्वोच्चता कायम गर्न निर्देशन

**जनार्जन खत्री**

सर्लाही, १६ असार। मधेश प्रदेशका प्रहरी प्रमुख एवं प्रहरी नायव महानिरीक्षक (डिआइजी) ओमप्रसाद अधिकारीले नागरिक सर्वोच्चता कायम गरी काम गर्न सर्लाहीका प्रहरी अधिकारीहरुलाई निर्देशन दिनुभएको छ। सोमबार जिल्ला प्रहरी कार्यालय सर्लाहीको निरीक्षण गर्न मलंगवा आइपुगेका डिआइजी अधिकारीले यस्तो निर्देशन दिनुभएको हो। नागरिक सर्वोच्चता र सुशासन प्रहरीको प्राथमिकतामा पर्नुपर्नेमा उहाँको जोड थियो।

भर्खरै मधेश प्रदेश प्रहरीको नेतृत्व सम्हालेका डिआइजी अधिकारीले प्रदेशका प्रहरी कार्यालयको निरीक्षणको गर्नेक्रममा सोमबार जिल्ला प्रहरी कार्यालय सर्लाहीको निरीक्षण गर्नुभएको हो। उहाँले सोमबार नै सर्लाहीको पश्चिमी भेगस्थित जिल्लाकै पुरानो प्रहरी




युनिटमध्येको एक इलाका प्रहरी कार्यालय बरहथवाको समेत निरीक्षण गर्नुभएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक (डिएसपी) वेदप्रसाद गौतमले जानकारी दिनुभयो।

डिआइजी अधिकारीलाई जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रमुख एवं प्रहरी उपरीक्षक (एसपी) रवीन्द्रनाथ पौडेल, डिएसपी गौतम, इलाका प्रहरी कार्यालय बरहथवाका प्रमुख एवं प्रहरी नायब उपरीक्षक (डिएसपी) गोपीकृष्ण सुवेदीलगायतका प्रहरी अधिकारीले जिल्लामा शान्ति सुरक्षाको अवस्था र प्रहरीका गतिविधिबारे अवगत गराउनुभएको थियो। डिआइजीको ब्रिफिङमा जिल्लाभर रहेका प्रहरी युनिटका इन्चार्जहरुलाई सदरमुकाम मलङ्गवा बोलाइएको थियो।

जिल्ला प्रहरी प्रवक्ता गौतमका अनुसार डिआइजी अधिकारीले जिल्लास्थित प्रहरी कार्यालयका इन्चार्जहरुलाई समयसामायिक विषयमा आवश्यक निर्देशनसमेत दिनुभएको छ। डिआइजी अधिकारीले अहिले मधेश प्रदेशका आठै जिल्लामा प्रहरी कार्यालयहरुको निरीक्षण गरिरहनुभएको छ।

# सिरहाका किसानलाई आँप बजार पुऱ्याउने चटारो







सिरहा, १६ असार। यतिवेला सिरहाका आँप किसानलाई भ्याईनभ्याई छ। जेठ असार आँप पाक्ने मुख्य सिजन भएकाले जिल्लाका आँप उत्पादक किसानलाई आँप टिपेर बजार पुर्याउने चटारो भएको हो। आँप किसान अहिले आँप टिप्ने, कार्टुनमा प्याक गर्ने र देशैभरीका बजार तथा ठूला सहरमा पुर्याउन कार्यमा व्यस्त छन्। देशकै आँप उत्पादनमा मधेसको सिरहा जिल्लालाई अग्रणी मानिन्छ। सिजनमा यहाँका आँप उत्पादक किसान व्यस्त रहनु स्वभाविक पनि हो। पूर्वपश्चिम राजमार्गको सडक किनारा छपक्कै ढाकिनेगरी राखिएको आँप पुऱ्याउने कार्यमा किसानको व्यस्तता बढेको छ ।

गोलबजार नगरपालिका १ बरडाँडाका ४७ वर्षिय किसान गुरुदेव पूर्वे हिजोआज विहानै देखि आँप टिप्ने, प्याक गर्ने मजदुर, आँप प्याकगर्ने क्रेट र काजग ट्याक्टरमा हालेर बगैचामा पुग्छन्। दिनभरी टिपेको आँप क्रेटमा प्याक गर्ने र पिकपमा हालेर देशका विभिन्न शहरमा पठाउन व्यस्त छन्। जेठको पहिलो हप्तादेखि नै उनको दिनचर्या यहि छ। 'सुरुमा बम्बै जातको आँप टिपियो अहिले माल्दह टिप्ने काम भईरहेको छ' पूर्वेले भने, 'अरुवेला पनि बगैचाँ स्यार्ने, सरसफाई सामान्य काम भईरहन्छ। अहिले भनेको फल टिप्ने र विक्रिगर्ने मूख्य समय हो। जेष्ठ पहलो सातादेखि नै मेरो दिनचर्या विहानै मजदुर लिएरसँगै आवश्यक सामाग्री लिएर बगैंचा पुग्ने हो। बेलुका गाडीमा हालेर सम्बन्धित ठाउँमा पठाएपछि बल्ल फूर्सद हुन्छ।'

उनको आफ्नै गरिखाने जम्मा साडे ३ विगहा जमिन छ। उनले ती सबै जग्गामा आँपका बोट लगाएका छन्। छिमेकका बगैचाहरुपनि ठेक्कामा लिएका छन्। थोरैबाट सूरुगरेको व्यसायीक आँप खेति अहिले आफ्नोसहित ५० वटा बगैंचा छ। लगानी र मेहत कम तर राम्रो आम्दानी दिनेभएपछि पूर्वेले आफ्ना सबै जमिनमा आँप लगाएको बताए। उनले भने, 'आकाशे पानीको भरमा धान, गहुँ गर्दा मजदुर, विउ, मल, खनजोतमा धेरै खर्च हुन्छ, कहिलेकाहीं खर्चपनि असुलि हुँदैनत्र आँपमा लगानी र मेहनत कमलाग्ने तर आम्दानी राम्रो दिनेभएपछि यतितिर लागियो।'

गोलबजार १ बरडाँडाका अर्का किसान ४५ वर्षिय विनोद यादवको दिनचर्या पनि हिजोआज उस्तै छ। विहानै उठ्ने अन्य कृषिकर्मसँगै आँप बगैचामा जाने र आँप टिपेर बजारसम्म पुऱ्याउने। यादवले आफ्नो ६ विगहा खेतियोग्य जमिन मध्ये ३ विगहा जमिनमा आँपको बगैंचा लगाएका छन्। राम्रो आम्दानी दिने, अन्य वालिको तुलनामा कम मेहनत लाग्ने भएकाले पनि आँप खेतिप्रति आर्षित भएको यादवले बताए। उनले भने, 'वर्षमा एक देखि दुई पटकसम्म बगैंचा जोत्ने र सरसफाई गरे पुगिहाल्छ। अन्य खेतिमा प्रत्यक वर्ष रोपाईं गर्दा जोतकोड गर्दा लाग्ने मजदुर, मल र विउमै धेरै लगानी लाग्छ, त्यसैले आँप खेति नै विस्तार गर्दै छु।'

आँप खेतीलाई अझ सवल बनाउन सकिए थप आम्दानी लिन सक्ने किसनको कथन छ। एकै सिजनमा पाक्ने र सकाउनु पर्ने बाध्यता भएकाले किसानले भनेजस्तो मूल्य पाउन सकिरहेका छैनन्। बढी भएकोबेला चिस्यान केन्द्रमा राखेर विस्तारै बेच्न सकिए किसानले थप फाईदा लिन सक्ने अर्का किसान गोलबजार नगरपालिका २ का रामकुमार महतोले बताए। उनले भने, 'अव गर्मि र पानी पर्ने गर्नथालेपछि आँप पाक्ने क्रम ह्वात्तै बढ्छ, सहि समयमा टिपेर बजार पुऱ्याउन सकिएन भने सबै कुहिएर जान्छ जसका कारण एकैपटक बजारको माँगभन्दा धेरै आँप थुप्रिदा मुल्य पाइँदैन। आँप लामोसमयसम्म टिकाई राख्न व्यवस्थित चिस्यान केन्द्र आवश्यक छ।'

चिस्यान केन्द्र निमार्णमा ठूलो लगानी लाग्ने भएकाले किसानको बुताले नभ्याउन मुस्की छ। चिस्यान केन्द्र निर्माणको काम सरकारी स्तरबाट गरिनुपर्ने किसानहरुको माँग छ। सरकारले आँपखेती गर्ने व्यावसायिक किसानहरुका लागि चिस्यान केन्द्र, प्रशोधन कारखाना र निर्यातमा सहजीकरण गरिदिनुपर्ने माँग गरेका छन्। उत्पादन भएपनि मूल्य र बजार अभाव खेप्दै आएका यहाँका आँप किसान तथा व्यसायीहरु आँपमा लाग्ने रोग, किराहरुबाट पनि हैरान छन्। ठूलो परिमाणमा आँप उत्पादन गरे पनि पाक्ने बेलामा लाग्ने लाग्ने रोग, किरा निवारणको उचित उपाय अपनाउन नसक्दा किसान मर्कामा परेका छन्।

आँप किसान गुरुदेव पूर्वेले भने, 'पाक्न लागेको आँपमा विषादी लाउन पनि नमिलेन, तर यही वेला विभिन्न थरिका किराको प्रकोपले आँप कुहिने गरेको छ। यस्तो वेलामा आँपको फल संरक्षण गर्ने विषयमा सरोकारवालको उचित सुझाव र निवारण विधिको खाँचो छ।' आँपको उत्पादनमा कमी आएपनि वर्षेणी बढ्दो क्षेत्रफल र अस्थिर बजारका कारण किसानले आँपको उचित मूल्य पाउन सकेको छैन। अहिले बजारमा काँचो आँप ४०–५० रुपैयाँ प्रति केजी विकेपनि पाकेको आँप २० रुपैयाँ प्रतिकेजीसम्म विक्रि हुने गरेको छ ।

मधेशमा विशेष गरेर बम्बई, माल्दह, कृष्णभोग, अम्रपालि, दशहरी, कलकतिया र जर्दा जातका आँपहरु उत्पादन हुने गरेको छ। सिरहामा मात्र ९ हजार ५० हेक्टर क्षेत्रफलमा आँप खेति हुने गरेको छ। जो निरन्तर बृद्धि भईरहेको छ सिरहामा कुल ७२ हजार ३०० हेक्टर खेतियोग्य जमिन छ। यो वर्ष सिरहामा प्रति हेक्टर ८ मेट्रिक टनका दरले कुल ७२ हजार ४०० मेट्रिक टक आँप उत्पादन हुने अनुमान गरिएको कृषि ज्ञान केन्द्र सिरहाका सूचना अधिकारी सुदिप खनालले जानकारी दिए। गत वर्षको तुलनामा यस वर्ष कम आँप फलेको ज्ञान केन्द्रले बताएको छ। गत वर्ष प्रति हेक्टर ११ मेष्ट्रिक टनभन्दा बढी उत्पादन भएको थियो।

फलको राजा आँप, आँपको पनि राजा मालदहलाई मानिन्छ। हरेक घरको आँगन, बगैंचाको कुना र बजारको छेउमा बगिरहेको आँपको सुगन्ध सिरहाको पहिचान हो। हावामा घुलिएको त्यो सुगन्ध, जुन स्वादमा बदलिन्छ। यही स्वाद अब व्यवसाय, रोजगारी र आत्मनिर्भरताको माध्यम बनेको छ। आँप खेतिको प्रवर्धन, विस्तार र विकासमा सरोकारबाला निकायको ध्यान जान आवश्यक छ।

### एक समाचार,...

अध्ययन गर्न सक्ने विश्वास व्यक्त गरे ।

विद्यालयका शिक्षक प्रमोद कुमार सिंहले सञ्चारमाध्यमले उठाएको विषयकै कारण सहयोगी संस्था विद्यालयसम्म पुगेको भन्दै खुशी व्यक्त गरे। उनले यस्ता समाचारले समाजमा सकारात्मक परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेल्ने बताए। त्यसैगरी, गोलबजार नगरपालिका–९ का वडा अध्यक्ष सुरेन्द्र कुमार सिंहले सहयोगी संस्था तथा समाचार सम्प्रेषण गर्ने सञ्चारमाध्यमप्रति धन्यवाद व्यक्त गर्दै स्थानीय सरकारका तर्फबाट पनि आवश्यक सहयोग उपलब्ध गराइने प्रतिबद्धता जनाए।

सामाजिक उत्तरदायित्व र मानवीय संवेदनाको यो उदाहरणले आवश्यकता परेका बालबालिकाको जीवनमा सानो सहयोगले पनि ठूलो परिवर्तन ल्याउन सक्ने सन्देश दिएको छ।

### सिरहामा नगर...

व्यवस्थापन अभ्यास सिरहा सदरमुकामस्थित विपद् व्यवस्थापन सुरक्षा बेसमा गरिने जानकारी दिँदै उनले विपद्सम्बन्धी पहिलो सूचना स्थानीय तहमा आउने र तत्काल परिचालन पनि हुने भएकाले पहिलो चरणमा विपद्को जोखिममा रहेका दुई पालिकासँग समन्वय गरी तालिम संचालन गरिएको हो। हेडक्वार्टरका अनुसार दोस्रो चरणमा लहान, धनगढीमाई र मिर्चैया नगरपालिका अन्तर्गतका नगर प्रहरी स्वयम्सेवक प्रहरीका लागि तालिम संचालन गर्नेगरी समन्वय भइरहेको छ ।

### मधेश प्रदेशमा ...

योजनाअन्तर्गत बनाएको छ। उनी कांग्रेसका सक्रिय कार्यकर्ता हुन्। धनगढीमाई नगरपालिकाकी इन्दुल सदाको घर पनि महेन्द्रनारायण निधि विपन्न आवास योजनाअन्तर्गत बनाइएको हो। तर, उनी माओवादी कार्यकर्ता हुन्।

आवास नभएका, तर राजनीतिक पहुँच नपुग्नेहरू सुरक्षित आवास कार्यक्रमबाट विमुख हुनुपरेका उदाहरण छन्। सिराहा नगरपालिका– १७ की ४० वर्षीया निर्मला सदाको परिवार बाँस र खरले बारेको कच्ची घरमा बसेको वर्षौं भएको छ। कतिसम्म भने कच्चीघरमा विद्युत्को लाइन नजोडिदिँदा उनको परिवार अन्धकारमा बस्न बाध्य छ। जुन घरमा निर्मलाको परिवारका ६ जना बस्छन्। सिराहा नगरपालिका– १९ सन्हैठाका चन्दा सदायसहित ४२ मुसहर परिवार कच्ची घरमा बस्दै आएको छ।

जनता आवासअन्तर्गत सिराहामा ४८८ वटा आवास योजना अघि सारिएको थियो। आव ०७८/७९ मा सुरु गरिएको आवास योजनामा ४८८ लाभग्राहीसँग सरकारी आवास दिने गरी सम्झौता गरियो। सम्झौतापछि नयाँ जस्तापातासहितको पक्कीघर निर्माण गर्ने भन्दै घर भत्काउन लगाइएको थियो। लाभग्राहीले पनि नयाँ घरमा बस्न पाउने आशामा पुरानो घर धमाधम भत्काउन थाले। तर, अहिलेसम्म उनीहरूको आवासको टुंगो छैन।

पूर्वाधार विकास कार्यालय सिराहाका सबइन्जिनियर जिवछकुमार यादवले चालू आव ०८२/८३ सम्ममा १५० घर मात्र पूरा हुने लक्ष्य भएको बताए। लाभग्राहीको घर भत्काए पनि बजेट अभावले बनाउन नसकिएको उनले स्विकारे। ४८८ मध्ये अझै ३३८ आवास बन्न बाँकी रहेको उनले बताए।

महेन्द्रनारायण निधि विपन्न आवासमा पनि बजेटको समस्या देखिन्छ। आव ०७९/८० मा सुरु भएको आवास योजनामा आव ०८०/८१, ०८१/८२ र ०८२/८३ मा प्रदेश सरकारले बजेट नछुट्याएको सबइन्जिनियर यादवले बताए। आव ०७८/७९ मा करिब अढाई करोड बजेट विनियोजन गरेपछि ४४ वटा आवास निर्माण गर्ने सम्झौता भएको थियो। तर, पछि बजेटले निरन्तरता नपाएपछि ती आवास अझै पूरा भएको छैन।

आव ०८१/८२ बाट सुरु भएको विपन्नसँग मदन भण्डारी विपन्न आवास योजनाअन्तर्गत सिराहा जिल्लाका लागि एक करोड रकम छुट्याइएको थियो। सिराहामा आव ०८१/८२ मा १७ वटा र चालू आव ०८२/८३ मा विनियोजन गरिएको एक करोडमा १४ वटा आवास सम्झौता गरिएको छ। सम्झौताअनुसार दुई आर्थिक वर्षमा ३१ वटा आवास पूरा हुनुपर्ने थियो। तर, चालू आवको अन्त्यसम्ममा १६ वटा पूरा गर्ने पूर्वाधार विकास कार्यालय सिराहाको लक्ष्य छ।

जनता आवास कार्यक्रमअन्तर्गत प्रतिआवासका लागि तीन लाख ६० हजार छुट्याइएको छ भने महेन्द्रनारायण निधि आवासका लागि पाँच लाख ५० हजार र मदन भण्डारी आवासका लागि पाँच लाख ६० हजार विनियोजन गरिएको छ। यसबाट विपन्न, दलित, गरिब, एकल महिलामाथि देखिने गरी विभेद हुन पुगेको छ। जनता आवास योजनाअन्तर्गत जस्तापाताले छाएका दुईवटा कोठा बनाउने व्यवस्था छ। कोठाको भुइँ र भित्तामा प्लास्टर गरिएको छैन। तर, महेन्द्रनारायण निधि आवास योजनामा प्लास्टरसहित रंगरोगन गरिएका दुईवटा कोठा, भान्छाघर र शौचालयको राम्रो व्यवस्था छ। यसका साथै चापाकलको पनि प्रबन्ध छ। यस्तै, मदन भण्डारी विपन्न आवासमा पनि प्लास्टरसहित रंगरोगन गरिएका दुईकोठा, भान्छाघर र शौचालयको बन्दोबस्ती छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# श्री गोपाल सरयुग नायक जनता मा.वि. भेडिया

## कल्याणपुर न.पा.-७, भेडिया (सिरहा)

**मधेश प्रदेश, नेपाल**

**विज्ञापन सम्बन्धमा**

**मिति : २०८३।०२।०१**

श्री यो जो जस संग सम्बन्ध राख्दछ।

प्रस्तुत विषयमा यस विद्यालयको वि.व्य.स.को मिति २०८३।०१।१८ गतेको निर्णय कल्याणपुर नगरपालिका कल्याणपुर (सिरहा) को च.नं. २२०० मिति २०८३।०२।१९ को सिफारिस शिक्षा विकास तथा समन्वय इकाइ सिरहाको च.नं. १६२६ मिति २०८३।०३।१५ को अनुमति पत्र बमोजिम यस विद्यालयमा रिक्त रहेको कार्यालय सहयोगीको नियुक्त गर्नुपर्ने भएकोले तपसिल बमोजिमको शर्त/बन्देज भित्र रही इच्छुक सुयोग्य उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | ०२/०८२/०८३ | कार्यालय सहयोगी | १ (एक) | कक्ष ८ उत्तिर्ण (साधारण लेखपढ) |

१. उमेर : १८ वर्ष पूरा गरी ४० वर्ष ननाघेको।
२. आवश्यक कागजातहरु
- शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपिहरु २/२ प्रति
- नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि २ प्रति
- पासपोर्ट साईजको फोटो २ प्रति
- हस्तलिखित निवेदन १ प्रति
- परीक्षा दस्तुर बुझाएको भौचर।
- सबै कागजातहरु संलग्न फायल २ प्रीत।

३. दरखास्त दिने मिति २०८३।०३।१५ गते देखि २०८३।०३।३० गते सम्म
४. दरखास्त दिने समय र स्थान : कार्यालय समयभित्र विद्यालय प्रशासन शाखा
५. परीक्षाको किसिम : अन्तरवार्ता
६. परीता दस्तुर रु. १०००/-
७. परीक्षा मिति, समय र स्थान : सम्पर्क मितिमा तोकिने छ।
८. सम्पर्क मिति : २०८३।०३।३१
९. रीत नपुगेको आवेदनमाथि कुनै कारवाही हुने छैन।
सम्पर्क नं. ९८१९९६४५०७, ९८१६८०१९२४

**विनय कुमार यादव**
प्रधानाध्यापक
श्री गा.स.ना.ज.मा.वि. भेडिया


# गाँजासहित धनगढीमाईबाट ६५ वर्षिय वृद्ध प्रहरी नियन्त्रणमा

सिरहा, १६ असार। सिरहा प्रहरीले १४ किलो प्रतिवन्धित लागुऔषध गाँजासहित एक वृद्धलाई नियन्त्रणमा लिएको छ। इलाका प्रहरी कार्यालय धनगढी र लागुऔषध नियन्त्रण व्यूरो गोलबाजरको संयुक्त टोलिले धनगढीमाई नगरपालिका ३ बाट स्थानीय ६५ वर्षिय जोगिन्द्र साहलाई उक्त परिमाणको गाँजासहित सोमबार राति नियन्त्रणमा लिएको हो।

लागुऔषध लुकाई राखेको भन्ने विशेष सूचनाको आधारमा प्रहरीले पुगेका थिए। प्रहरीले खोजतलासको क्रममा बारीमा बोरामा लुकाई रखेको अवस्थामा गाँजा फेलापरेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डीएसपी रमेश बहादुर पालले जानकारी दए। गाँजासहित नियन्त्रणमा लिएको साहलाई हिरासतमा राखेर आवश्यक अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

# खैरो हेरोइनसहित सप्तरीबाट एक जना पक्राउ




सप्तरी, १६ असार। प्रहरीले सप्तरीको बोदेबर्साइन नगरपालिका वडा नम्बर-२ बाट लागु औषध खैरो हेरोइन सहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा खडक नगरपालिका-५ खोजपुर घर भएका ६२ वर्षीय अमिन चौधरी छन्। मधेस प्रदेश-०१-००५ प २८८३ नम्बरको सुपर स्प्लेन्डर मोटरसाइकलको टुलबक्समा लुकाएर ल्याएको अवस्थामा १०३ ग्राम ७५० मिलिग्राम खैरो हेरोइन बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका एक जना अधिकृतले रातोपाटीलाई बताए। चेकजाँच गर्दा उनको साथमा थप १ ग्राम ४८० मिलिग्राम खैरो हेरोइन भेटिएको छ।

मंगलबार इलाका प्रहरी कार्यालय कडरबोनाका इन्स्पेक्टर श्याममणि पोखरेलको कमाण्डमा खटिएको टोलीले आरोपीलाई विष्णपुर-बोदेबर्साइन सड्क खण्डबाट उनलाई पक्राउ गरेको हो। आरोपीमाथि इलाका प्रहरी कार्यालय कडरबोनाले अनुसन्धान गरिरहेको छ।

# नगर प्रहरीबाट कुटिइन् निगौल गाई गौशालाकी प्रमुख कान्ति पाण्डे

**गोविन्द महतो**





जनकपुरधाम, १६ असार। मञ्जुरी बिना गौशाला नगरपालिकाले ढल निकास गर्न खोजेपछि रोक्न गएका निगौल गाई गौशालाका कार्यालय प्रमुख कान्तिकुमारी पाण्डेलाई नगर प्रहरीले कुटपिट गर्दै दुर्व्यवहारको भिडियो सार्वजनिक भएको छ। उच्च अदालत जनकपुरले निगौल गाई गौशालाको जग्गामा मञ्जुरी बिना गौशाला नगरपालिकालाई हस्तक्षेप नगर्न दिएको आदेशको उल्लंघन गर्दै ढल निकास गर्न खोजेपछि रोक्न गएका निगौल गाई गौशालाका प्रमुख पाण्डेलाई नगर प्रहरीहरुले कुटपिट गर्दै दुर्व्यवहार गरेको हो।

उच्च अदालत जनकपुरले गौशाला बजार ठेक्का सम्बन्धमा निगौल गाई गौशाला जग्गामा मञ्जुरी बेगर कुनै हस्तक्षेप नगरी नगरपालिकालाई हाटबजार ठेक्कामा लगाउने कार्य नगर्नु नगराउन अन्तरिम आदेश दिएको छ। तर गौशाला नगरपालिकाले निगौल गाई गौशालाको जग्गामा बजार ठेक्का लगाउने र जर्बजस्ती ढल निकास गर्न खोजेपछि रोक्न गएको कार्यालय प्रमुख पाण्डेलाई नगर प्रहरीहरुले दुर्व्यवहार गर्दै कुटपिट गरेपछि स्थानीयहरुले बचाएको भिडियोमा देख्न सकिन्छ।

नगरपालिकाले गाई गौशालालाई करिब ६ करोड भुक्तानी नगर्दा लामो समयदेखि पटक-पटक विवाद हुँदै आएको निगौशा गाई गौशालाका कार्यालय प्रमुख कान्ति पाण्डेको आरोप छ। उनले भनिन्, 'गत आइतबार पनि हाम्रो गाईको जग्गाबाट ढल निकासको लागि समन्वय बिनै स्काभेटर चलाउन खोजियो। मैले गएर रोक्न खोजे। तर नगर प्रमुखको निर्देशनमा आएको नगर प्रहरीले मलाई प्रहरी निरीक्षककै अगाडि कुटपिट गऱ्यो। दुर्व्यवहार गऱ्यो। तर बचाउन आएन। उल्टै प्रहरी प्रमुखको अगाडि नगर प्रहरीले हुलहुज्जत गऱ्यो, कुटपिट गऱ्यो। तर नगर प्रमुख र प्रहरी प्रमुख निरीक्षक मुखदर्शक बन्यो।'

यसैगरी गत श्रावण ४ गते विहीबार नगर प्रहरीहरुको समूहले निगौल गाई गौशालाको ट्र्याक्टर नियन्त्रणमा लिएर कार्यालयमा प्रवेश गरी कर्मचारीहरुलाई कुटपिट गरेको प्रमुख पाण्डेको आरोप छ। उनले थप्दै भनिन्, 'गौशालामा बढी उमेरको गाईको मृत शरीरलाई सदगतका लागि लगिँदै गर्दा नगर प्रहरीले ट्याक्टर नियन्त्रणमा लिएर कर्मचारीलाई कुटपिट गर्नु र प्रहरी प्रशासनले दोषीलाई कारवाही नगर्नु कानूनी राज्यको उपहास हो।'

२०८२ साउन १२ मा उच्च अदालत जनकपुरका न्यायाधीश राजुराम सिलवाल र न्यायाधीश खेमराज भट्टको संयुक्त इजलासले निगौल गाई गौशाला व्यवस्थापन कार्यालय, महोत्तरीले माग गरेको निषेधाज्ञा मुद्दामा गौशाला नगरपालिका कार्यालयलाई संस्थाको मन्जुरी बेगर कुनै प्रकारले हस्तक्षेप नगर्न नगराउन आदेश जारी गरेको थियो। साथै हाटबजार ठेक्कामा लगाउने कार्य नगर्नु नगराउनु भनी विपक्षीको नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम सोमबार अन्तरिम आदेश जारी गरेको छ।

निगौल गाई गौशालाको कित्ता नं. ८२, ८३, ८४ जग्गाधनी दर्ता श्रेस्ता गाई गौशालाको नाममा कायम रहेको देखिएको, साविक नमुना गाउँपालिका र निगौल गाई गौशालाबीच २०७० असार २२ मा उक्त जग्गा ठेक्का लगाउने सम्बन्धमा भएको सम्झौताको अवधि समेत समाप्त भइसकेको अवस्था देखिएकोले मुद्दाको अन्तिम टुंगो नलागेसम्म कुनै प्रकारले हस्तक्षेप नगर्न उच्च अदालत जनकपुरले अन्तरिम आदेश जारी गरेको छ।

गौशाला नगरपालिकाले २०७० सालमा बजारबाट उठेको रकमबाट २५ प्रतिशत रकम गाई गौशालालाई दिने शर्तमा गाई गौशाला गोरु बजार ठेक्का लाग्दै आएको थियो। तर, गाई गौशालालाई दिनु पर्ने रकम भुक्तानी नगरेको विषयलाई लिएर गौशाला नगरपालिका पक्ष र गाई गौशालाबीच विवाद हुँदै आएको छ। गौशाला नगरपालिका कार्यालयले ठेक्का बापतको ६ करोड भन्दा बढी बाँकी रहेको रकम दिन नमानेपछि पशुबजार ठेक्का आफैं लगाउने प्रक्रिया अगाडि बढाउँदा नगरपालिकाले अवरोध गर्दा विवाद चर्किएको हो।

गौशाला नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर अधिकारीले आफू काठमाडौं हुँदा नगर प्रहरी र गाई गौशालाबीच विवाद भएको स्विकारे। उनले गाई गौशालाले बाटो अवरुद्ध गर्दा खुलाउन पुगेको नगर प्रहरीको टोलीसंग विवाद भएको स्विकारे। तर कान्ति पाण्डेलाई दुर्व्यवहार गरेको विषयमा आफूलाई थाहा नभएको बताए। उनले भने, 'नगर प्रहरीले कुटपिट नै गरेको हो भने सम्बन्धित निकायले कानूनी कारवाहीमा जानुपऱ्यो। नगरपालिका र गाई गौशालाको विवाद धेरै पहिलेको हो, समन्वयको अभाव छ। दुवै सरकारी निकाय भएकोले मिलेर जानुपर्छ, तर त्यो हुन सकेको छैन्।'

यता ईलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक रमेश लामाले घटना सम्बन्धमा बताउन चाहेनन्। जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक शैलेन्द्र भट्टले गौशाला नगरपालिका र निगौल गाई गौशालाबीच लामो समयदेखि द्वन्द्व रहेको बताउँदै कान्तिकुमारी पाण्डेलाई कुटपिट गरेको विषयमा जाहेरी आए कारवाही गर्ने बताए। उनले भने, 'दुई सरकारी संयन्त्रमा विवाद छ। यदि नगर प्रहरीले कुटपिट गरेको छ। जाहेरी आउँछ भने अनुसन्धान गरेर कारवाही प्रक्रिया अगाडि बढाइन्छ। तर हामीकहाँ अहिलेसम्म जाहेरी आएको छैन्।'

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)